# खत्याड गाउँपालिका

# स्थानिय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित



| खण्डः ७ | संख्याः ३ | मितिः २०८१।०३।१० |
|---|---|---|



## भाग-१

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँपालिकाको १६ औं गाउँसभाले आ.व. २०८१।०८२ को लागि नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

**गरिमामय खत्याड गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशनमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू, सभामा उपस्थित सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारी मित्रहरु ।**

१. नेपालको संविधान, २०७२ मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना भए सङ्गै राजनीतिक रुपमा संरचना निर्माण भएका स्थानीय तहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केही वर्ष देखि बिभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्यासँग जुधिरहेको छ ।

२. यसबाट संघीय, प्रदेश र स्थानीय सरकारको राजश्वमा परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ तथा प्रदेश सरकारबाट पाउनुपर्ने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेका बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस खत्याड गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानित गाउँ सभा समक्ष पेश गरेको छु।

३. यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागि सम्पूर्ण खत्याडबासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशिल बनाउँदै **समृद्ध खत्याड गाउँपालिका** निर्माण गर्ने विश्वास लिएको छु ।

४. यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न राय तथा सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, वुद्धिजिवी, समाजसेवीहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

५. यस अवसरमा नेपालको नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि र अग्रगमन, स्वाधीनता र आमूल परिवर्तनका लागि भएको ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध र राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतन्त्र प्राप्तिका लागि विभिन्न चरणको आन्दोलनको क्रममा बेपत्ता भएका योद्धाहरु र पीडितहरुप्रति विशेष स्मरण गर्दै घाइते तथा अपाङ्गता भएका योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

६. यस गाउँपालिकाको नीति तथा कर्यक्रम तर्जुमा गर्दा मूलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा दिगो विकासका लक्ष्य २०३० को मार्गचित्र र खत्याड गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित खत्याड गाउँपालिकाको गाउँ वस्ती, टोल, हुदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, सामाजिक सञ्जाल एवम् योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव तथा चालू आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयनबाट

प्राप्त उपलब्धीहरु समेतका आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि यो वार्षिक नीति तथा कार्यक्रम तयार पारेको छु ।

७. यो वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट स्थानीय उदेश्य, राष्ट्रिय लक्ष्य र संविधानको मर्मलाई पूरा गर्ने विश्वास लिएको छु ।

८. गाउँपालिका भित्रका सवै वडामा वडा भेलाको आयोजना गरी राय, सुझाव र सहमति आदिका आधारमा वडाको सन्तुलित विकासलाई मध्येनजर राखी योजना छनौट भई आए अनुसार सवै योजनालाई सिमित स्रोत र साधनको बाबजुद सवै योजनालाई सम्बोधन गर्न नसकिएता पनि अधिकांश योजनामा बजेट विनियोजन गरिनेछ ।

९. उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सवैको समान सहभागिताको आवश्यकता देखिन्छ । यी सवै चुनौतीहरु र सम्भावनाहरुको बुद्धिमतापूर्ण ढंगबाट समाधान र उपयोग गर्न सरकारी, गैरसरकारी संघ संस्था, निजी क्षेत्र एवम् स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमति र समझदारीको आवश्यकता देखिन्छ ।

१०. आवश्यकता बमोजिम अझैसम्म प्रदेश र संघीय कानुनहरु बनिनसकेको अवस्थाले काम गर्न असहज भएता पनि संघ र प्रदेश समेत सँग समन्वय गरी काम गर्नुपर्ने अवस्था छ । यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सवै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनीतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी निकाय, स्थानीय संघ संस्था एवम् गाउँपालिकाबासीहरुमा हार्दिक अनुरोध गर्दछु । यसका निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनावद्ध अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण गरी साझेदारहरुको खोजी गरी विकास निर्माणको काममा अगाडी बढ्न सवैमा अपिल गर्दछु ।

खत्याड गाउँपालिका

**उपस्थित सभाका सदस्यहरु,**

म आथिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।

## आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको समिक्षा

१. खत्याड गाउँपालिकाको **हाम्रो खत्याड** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखि ८ सम्म सचालन भएको छ ।

३. आधारभूत तथा माध्यमिक विद्यालयहरुमा योग्यता पुगेका शिक्षकलाइ प्रधानाध्यापक हुने ब्यवस्था मिलाइएको छ ।

३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शून्य तथा विषयगत दरवन्दीको अभावलाइ परिपूर्तिका लागि गाउँपालिका शिक्षण सिकाइ अनुदानको व्यवस्था भएको छ।

४. खत्याड गाउँपालिकामा अध्यनरत विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाइ प्रस्फुटन गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप गरिएको छ ।

५. जातिय भेष भुषा, कला, साहित्य सँग डेउडा गीतलाइ सरक्षण गर्न डेउडा प्रतियोगिता सम्पन्न भएको छ ।

६. खेलकुद विकासको लागि सैनाचैर खेल मैदान निर्माण भइरहेको छ ।

७. उपाध्यक्षसंग महिला सशक्तिकरणआय आर्जन र आत्मनिर्भर रोजगार कार्यक्रम , सञ्चालनमा आएको छ ।

८. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिएको छ।

९. नागरिकका लागि स्वास्थ्य संस्थामा निःशुल्क वितरण हुने औषधीको पर्याप्तताका लागि विशेष व्यवस्था गरिएको छ ।

१०. एकल महिला, दलित जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको छ जसमा दलित तथा एकल महिला घरधुरी सख्या १०२०, जेष्ठ नागरीक ७१९, महिला स्वास्थ्य स्वयम् सेविका परिवार सदस्य ३८२, पुर्ण अपाङ्ग सदस्य सख्या ८७ , र एम.डि.आर.टि.वी. ६ जनालाइ विमित गरिएको छ।

११. खत्याड गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाबाट १८,५४४ जनालाई प्रत्यक्ष नि: शुल्क सेवा प्रवाह गरिएको छ ।

१२. यसै गाउँपालिकाको इजरकाटियामा निर्माणाधिन १० शैयाको आधारभूत स्वास्थ्य अस्पताल आगामी आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्न विशेष पहल भएको छ ।

१३. मसाने बाउपानी रारा सडक विस्तारको लागी वातावरणिय प्रभाव मुल्याङ्गन प्रतिवेदन तयार भई स्वीकृतिका लागि सम्बन्धित निकायमा पहल भएको छ ।

१४. सेवाग्राहीको सहजताका लागी गाउँपालिकामा सहायता कक्ष सचालनमा ल्याईएको छ ।

१५. खत्याड गाउँपालिकामा संस्थागत सुशासन तथा सार्वजनिक प्रशासन सुधारका लागि विभिन्न कार्यहरु गरिएको छ ।

१६. खत्याड गाउँपालिकाको वडा नं.१ मा सहकारी मार्फत उच्च घनत्वको स्याउ खेती प्रभावकारी बनेको छ ।

## आगामी आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रमहरूः

सभाका सदस्यहरु,

अब म आर्थिक वर्ष २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

नेपाल सरकारले लिएको **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय आकांक्षा अनुरुप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक बृद्धिदर हासिल गर्ने र गरिवी निवारण गर्ने लक्ष्यका साथ खत्याड गाउँपालिकाले **"कर्णालीमा खत्याड र रारा - कृषि, पर्यटन र संस्कृतिको सहारा"** भन्ने नारालाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट, र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र शिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईएको छ ।

### १. सामाजिक विकास

#### क. शिक्षा

१. सामुदायिक विद्यालयलाई गाउँ शिक्षा समितिको सिफारिस बमोजिम **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** अभियानलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक तथा कर्मचारी दरवन्दी मिलान, तह तथा कक्षा मिलान, प्रधानाध्यापक व्यवस्थापन, विद्यालयलाई समायोजन र कक्षा घटाउने नीति लिईनेछ।

२. गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम ***"हाम्रो खत्याड"*** पाठ्यक्रम निर्माण भई कार्यान्वयन आईसकेकाले आगामी आर्थिक वर्षमा कक्षा १ देखि ३ सम्मको **हाम्रो खत्याड पाठ्यपुस्तक** निर्माण गरी चालू शैक्षिक सत्रमा कार्यान्वयनमा ल्याईनेछ भने कक्षा ४ देखि ६ सम्मको स्थानीय पाठ्यपुस्तक **हाम्रो खत्याड** लेखन कार्य अघि बढाईनेछ ।

३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **"गाउँपालिका प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** सञ्चालन गरिनेछ । यसका लागि सरोकारवाला निकायको सहयोग र समन्वयमा **"गाउँपालिका प्रमुख शैक्षिक सुधार कोष"** स्थापना गरी थप स्रोत जुटाउन पहल गरिनेछ । सामुदायिक विद्यालयको क्षमता विकासका लागि विद्यालयहरुको कलष्टर निर्माण गरी कलष्टर मार्फत कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा भुक्तानी हुने प्रणाली लागू गरिने छ।

५. आर्थिक वर्ष २०८१/८२ भित्र साक्षर गाउँपालिका घोषणा गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

६. विद्यालयस्तरको लेखा तथा जिन्सी व्यवस्थापन प्रणालीलाई चुस्त, दुरुस्त, व्यवस्थित एवम् पारदर्शी रुपमा सञ्चालन गर्न म्यानुअल लेखा तथा जिन्सी प्रणालीलाई प्रतिस्थापन गरेर क्रमशः प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

७. विद्यालय कर्मचारी र बालविकास केन्द्रमा कार्यरत सहजकर्ताका लागि गाउँपालिकाबाट थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।

८. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गाउँपालिका भित्र रहेका सरोकारवाला शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, गाउँ शिक्षा समिति र जनप्रतिनिधि विच आवधिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट विषयगत शिक्षक र उत्कृष्ट विद्यालयलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१०. शिक्षक सेवा आयोगबाट सिफारिस भई यस गाउँपालिकामा स्थायी नियुक्ती तथा पदस्थापना भएका नवप्रवेशी शिक्षकका लागि सेवा प्रवेश तालिम, पुनर्ताजगि तालिम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

११. यस गाउँपालिकामा एक **बहुप्राविधिक शिक्षालय** स्थापनाका लागि पहल गरिनेछ ।

१२. खत्याड गाउँपालिकाको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रको रुपमा स्थापना भएको चतुर्देव हिरा सुरेन्द्र पूर्ण क्याम्पसको स्तरोन्नति गरी गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवश्यक पहल गरिनेछ ।

१३. उच्च शिक्षा अध्ययन गर्न विपन्न, गरीव, महिला तथा दलित परिवारका जेहेन्दार विद्यार्थी लागि **छात्रवृति**को व्यवस्था गरिनेछ ।

१४. यस गाउँपालिका भित्रका उत्पादित शैक्षिक वेरोजगार जनशक्तिलाई लोकसेवा तथा शिक्षक सेवामा प्रवेश गराउनका लागि **लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा** संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

१५. खत्याड गाउँपालिकाको **शैक्षिक क्यालेन्डर** निर्माण गरी सवै विद्यालयका शैक्षिक कार्यक्रममा एकरुपता कायम गरिनेछ ।

१६. विद्यार्थीको सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन र प्रत्येक सामुदायिक विद्यालयमा खेल शिक्षकको अभावलाई परिपूर्तिका गर्नका लागि यस गाउँपालिकाकको शिक्षा, युवा तथा खेलकुद शाखा अन्तरगत **खेलकुद प्रशिक्षक**को व्यवस्था गरिनेछ ।

१७. माध्यमिक विद्यालयमा साईबर क्राइम, बालविवाह र लागू औषध र दुर्व्यसनी नियन्त्रण सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१८. शिक्षालाई उत्पादन सँग जोड्नका लागि सामुदायिक माध्यमिक विद्यालयमा ***पढ्दै, सिक्दै र कमाउँदै*** कार्यक्रमका लागि आवश्यक कार्यविधि बनाई एक माध्यमिक विद्यालय एक उत्पादनका लागि बिउपुँजी अनुदानको व्यवस्थापन गरिनेछ ।

१९. वस्तुनिष्ठ मूल्याङ्कनका विधिहरुको आधारमा सवै प्रकारका विद्यालय स्तरीय तथा पालिका स्तरीय परीक्षाहरु व्यवस्थित गरिनेछन् । आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षालाई पालिकास्तरको **सिकाई उपलब्धी परीक्षा**का रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

२०. विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुको लागि मनोसामाजिक विषयमा तालिम, योग शिक्षा कार्यक्रम र स्काउटिङको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

२१. सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

**ख. संस्कृति**

१. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित, देउडा गित, ठाडी भाका र स्थानीय गित तथा नृत्य प्रतियोगिता मार्फत स्थानीय कला सस्कृतिको जगेर्ना गर्ने नीति लिइनेछ।

२. खत्याड गाउँपालिकाको परम्परा, ऐतिहासिक महत्वका वस्तुको संरक्षण तथा सम्वर्द्धनका लागि ***खत्याड सङ्ग्रालय*** स्थापनाका लागि साझेदार संघ संस्थाको सहलगानीमा स्थापना गरिनेछ ।

**ग. युवा तथा खेलकुद**

१. यस गाउँपालिकाको वडा नं. ७ स्थित **सैनचौरमा खेलमैदान र कवड हल**को निर्माण चालू आर्थिक वर्षमा नै निर्माण सम्पन्न गर्न आवश्यक पहल गर्ने र सैनचौर खेल मैदानलाई **"सहिद स्मृति खेल मैदान"** नामाकरण गरी **"सहिद रंगशाला"** को रुपमा विस्तार गर्न यथोचित पहल गरिनेछ ।

२. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. विपन्न, दलित, गरिब युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, सिलाई कटाई तालिम, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, सिकर्मी, डकर्मी, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. ऐतिहासिक कालदेखि दलित तथा गैरदलित समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेसालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न आर्थिक लगानी सहयोग गरिनेछ।

२. असाह्य बृद्धहरुको संरक्षणका लागि **बृद्धाश्रम** स्थापना गर्न पहल गरिनेछ।

३. एकल तथा विपन्न महिलाको सामाजिक मर्यादा अभिवृद्धि, समूह तथा संस्थागत स्थापना गराई स्वरोजगार तथा आत्मनिर्भर बनाउनका लागि **उपाध्यक्ष संग महिला सशक्तिकरण, आय आर्जन र आत्मनिर्भर रोजगार कार्यक्रम**लाई निरन्तरता दिईनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार रहेका सिकर्मी, डकर्मी, आरन उद्योग लगायतका पेसा व्यवसायको स्तरोन्नति गर्न पेसागत गुणस्तर सुधार तालिम संचालन गर्ने र आधारभूत न्यूनतम औजार सहयोग गर्न उपाध्यक्षसँग युवा कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

५. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. खत्याड गाउँपालिकाको केन्द्र रामतडीलाई निःशुल्क जग्गादान गर्ने जग्गादाताहरुको नामावली खत्याड गाउँपालिका कार्यालयको शिलापत्रमा राख्ने व्यवस्था मिलाईनेछ ।

७. किसान तथा दलित नागारिकको आय आर्जनमा सहयोग पुऱ्याउनका लागि **"कृषक तथा दलित सँग गाउँपालिका अध्यक्ष"** कार्यक्रम संचालन गरिनेछ ।

८. छुवाछुत तथा छाउपडी प्रथा उन्मूलन गर्नका लागि विशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९. जेष्ठ नागरिकको प्रत्येक वडामा सञ्जाल निर्माण गरी नियमित सशक्तिकरणमा जोड दिईनेछ। आर्थिक अवस्था कमजोर भएका तथा सामाजिक आर्थिक रुपले पछि पारिएका वर्गका महिलाका लागि आर्थिक सशक्तिकरणका लागि उद्यमशिलता विकास तथा प्राविधिक सीप विकास तालिम सञ्चालन गरी स्थानीयस्तरमा रोजगारीमा संलग्न गराईनेछ ।

१०. खत्याड गाउँपालिकाको कार्यालयमा महिला सहायता कक्षको स्थापना गरिनेछ ।

**ङ. स्वास्थ्य**

१. खत्याड गाउँपालिकाको भूगोल र जनसङ्ख्याको आधारमा दुई स्थानमा **एकिकृत विशेषज्ञ स्वास्थ्य शिविर** संचालन गरिनेछ ।

२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने तथा विद्यालय नजिकको स्वास्थ्य संस्थाबाट साप्ताहिक रुपमा र टोलमा मासिक रुपमा स्वास्थ्य सम्बन्धि सचेतनामूलक कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३. खत्याड गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुका साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउँदै रक्षात्मक र प्रवर्धनात्मक सेवाहरु क्रमिक रुपमा वस्ती तथा घरधुरी सम्म पहुँचको सुनिश्चितता गरिनेछ ।

४. नागरिकका लागि स्वास्थ्य संस्थामा निःशुल्क वितरण हुने औषधीको पर्याप्तता र भैपरी आउने महामारी तथा आकस्मिक रोग नियन्त्रका लागि आवश्यक बजेट व्यवस्था गरिनुका साथै खरिद गरिएको **औषधिको गुणस्तरीयताको परीक्षण (Lab Test)** पश्चात मात्रै स्वास्थ्य संस्थामा औषधि वितरण हुने विशेष व्यवस्था मिलाईनेछ ।

५. कम्तिमा १ जना दक्ष प्रसुतिकर्मी **(SBA)** नभएको स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीलाई **SBA** तालिमको व्यवस्था गरिनेछ

६. यस गाउँपालिकाका ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई जिल्ला भित्र उपचारका लागि निजहरुलाई अस्पताल वा स्वास्थ्य संस्थामा ल्याउन-लैजान **निःशुल्क एम्बुलेन्स सेवा** सञ्चालनमा गरिनेछ ।

७. महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। आवश्यकताका आधारमा थप महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

९. एकल महिला, दलित समुदायका नागरीकहरुको निःशुल्क **स्वास्थ्य बीमा** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०. प्राथमिक स्वास्थ्य केन्द्र, रातापानीमा बिशिष्ट ल्याब सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्नका लागि उचित बजेटको व्यवस्था गरिनेछ र आँखा उपचार केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

११. यस गाउँपालिकाको इजरकाटियामा निर्माणाधिन १० शैयाको आधारभूत स्वास्थ्य अस्पताल आगामी आर्थिक वर्ष २०८१/८२ मा निर्माण सम्पन्न गर्न विशेष पहल गरिनेछ ।

## २. आर्थिक विकास

१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

## ३. उद्योग तथा पर्यटन

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. नेपालको सुन्दर तथा पर्यटकिय क्षेत्र ***रारा*** लाई यस गाउँपालिका हुदै उक्त क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन मार्फत खत्याडवासीको आय आर्जनमा वृद्धी गर्नका लागि मसाने बाउँपानी देखि माझघट्ट पर्यटन पद मार्ग तथा सडक निर्माणका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ साथै झुगला-रारा सम्मको सडक खण्डलाई **"खत्याड-रारा टुरिजम करिडोर"** को रुपमा नामाकरण गर्ने र जसको बैधानिकताका लागि सम्बन्धित निकायमा पहल कदमी लिईनेछ ।

४. गाउँपालिका प्रवेशद्वार निर्माण गरि प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहितको सूचना पाटी राखिनेछ।

५. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

६. यस गाउँपालिका र गाउँपालिका हुदै पर्यटकिय स्थल भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको आवागमनलाई सरल, सहज र सुरक्षित आवासका लागि होमस्टे स्थापना गर्ने नीति लिईनेछ ।

७. ऐतिहासिक, धार्मिक, प्राकृतिक र साँस्कृतिक महत्वका सम्पदाहरुको स्तरोन्नति तथा मर्मत सम्भार र संरक्षण गर्न विशेष पहल गरिनेछ ।

## ४. कृषि तथा पशुपंक्षी

१. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

२. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि हाटबजार, शित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।

३. किसानहरुले उत्पादन गरेका उत्पादनलाई बजारीकरण एवम् निर्यातका लागि कृषि एम्बुलेन्स र स्थानीय स्तरमा उत्पादित बस्तुलाई प्रशोधन गर्नका लागि आवश्यक पर्ने उपकरण तथा प्रत्येक वडामा न्युनतम १ वटा कुटानी पिसानी मिल स्थापना गरिनेछ ।



खत्याड गाउँपालिका

४. व्यवसायिक रुपमा कृषि पेसामा संलग्न कृषक, कृषि समूह, कृषि सहकारी र कृषि फर्महरुलाई व्यवस्थित तथा पालिका भित्रका सवै कृषकहरुलाई किसान सूचिकरण गरिनेछ।

५. ब्यवसायिक रुपमा भेडा, बाख्रा, गाई, भैसी, मौरी पालक किसानका लागि न्यूनतम आवश्यक उपकरण तथा सामाग्री दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६. नमूना योग्य फलफुल तथा तरकारी खेती गर्ने र पशुपालन गर्ने किसानलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

७. ***"एक वडा एक नमूना उत्पादन"*** का लागि विशेष कृषि कार्यक्रम संचालित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. खत्याडको भूगोल, हावापानी र माटो सुहाउँदो फलफुल तथा तरकारी खेतीलाई व्यावसायिकरुपमा संचालन गर्नका लागि किसानलाई फलफूलका बोटविरुवा र तरकारीका विउबिजन निःशुल्क वितरण गर्न कार्यक्रम संचालन गरिनेछ ।

९. खत्याड गाउँपालिकामा उत्पादित खाद्यवस्तुलाई पूर्ण अर्गानिक बनाउने र विषादीको प्रयोगलाई निरुत्साहित गर्ने साथै विषादीको प्रयोग गरी खाद्यवस्तु उत्पादन गर्ने किसान, समूह, टोल, गाउँ तथा वडालाई कृषि अनुदान उपलब्ध नगराउने नीति लिईनेछ ।

## ५. सहकारी

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाउन यस गाउँपालिकामा **सहकारी विकास शाखा** स्थापना गरिनेछ ।

## ६. सूचना तथा सञ्चार

१. गाउँपालिकाबाट संचालित ***रेडियो खेप्मामालिका*** को नियमित र व्यस्थित तवरले संचालनका लागि दक्ष जनशक्ति र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

४. सामुदायिक विद्यालय तथा गाउँपालिकाको कार्यालयलाई **पूर्ण डिजिटल** बनाउन विशेष बजेटको व्यवस्था गरिनेछ ।

## ७. न्याय, कानून तथा मानव अधिकार

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी, कर्मचारीहरुको व्यवस्थापन तथा विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. महान जनयुद्ध तथा सवै प्रकारका ऐतिहासिक जनआन्दोलनमा सहिद र घाईते भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइनेछ ।



खत्याड गाउँपालिका

## ८. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवसर, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछर्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

४. गाउँपालिका भित्र हुने सबै किसिमका कामहरुमा सुशासन कायम गर्न आयोजना स्तरमा सार्वजनिक सुनुवाईलाई प्रभावकारी ढंगले संचालन गरिनेछ । प्रत्येक वडास्तरमा अर्ध बार्षिकरुपमा सार्वजनिक सुनुवाई गर्ने नीति अबलम्बन गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन ***“हाम्रो खत्याड”*** नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीति लिईनेछ ।

८. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

९. खत्याडवासीको सहज पहुँचका लागि इलाका प्रशासन कार्यालय स्थापना गर्न पहल गरिनेछ।

१०. खत्याड गाउँपालिका अन्तरगत रहेको विभिन्न सरकारी कार्यालयहरुको दैनिक कार्य संचालन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन **अन्तर कार्यालय अनुगमन** मार्फत अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

११. खत्याडवासीले राष्ट्रिय परिचय पत्रका लागि जिल्ला सदरमुकाम गमगढी गई आवेदन दिने प्रक्रिया रहेकाले राष्ट्रिय परिचय पत्रको सहज आवेदनका लागि खत्याडमा शिविर संचालन गर्न आवश्यक समन्वय गरिनेछ ।

## ९. वन, वातावारण,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

### क. खानेपानी तथा सरसफाई

१. सार्वजनिक स्थानहरुलाई हरियाली, सुन्दर तथा सफा राख्ने र वृक्षरोपण कार्य गरिनेछ।

२. गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

३. गाउँपालिकामा फोहर विसर्जनका लागि उपयुक्त स्थानको खोजि गरि **फोहर विसर्जन केन्द्र** स्थापना गरिनेछ ।

४. खानेपानीमा राष्ट्रिय नीति अनुसार***"एक घर एक धारा"*** निर्माणको नीति कार्यान्वयनमा ल्याईनेछ।

**ख. वातावरण ,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवद्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

३. भू-सूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन, जडीबुटी तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ***आपतकालिन कार्य संचालन केन्द्र*** मार्फत ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८. खत्याड खोलाबाट हुने जमिन कटानलाई रोक्न **वृहत खत्याड खोला तटबन्धन आयोजना** लागि संघीय र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

**१०. भौतिक पूर्वाधार विकास (शहरी योजना ,वस्ति विकास ,आवास तथा पूर्वाधार)**

१. गाउँपालिकाको दिगो विकास योजना निर्माण गरी आयोजनाको वर्गीकरण सहितको **परियोजना वैंक** निर्माण गरिनेछ ।पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

३. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनुका साथै **झुगला-मसाने सडक** र **पाँचे-नखर्जी सडक** खण्डमा आवश्यकताका आधारमा पुल, कलभड, सल्याव बनाउन आवश्यक बजेकटको व्यवस्था गरिनेछ ।

४. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र सँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

५. गत आर्थिक वर्षको असोज महिनाको १९ गते देखि २४ गते सम्म परेको अविरल वर्षाका कारण क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, मर्मत, पुर्नस्थापना र बाढी तथा पहिरोबाट क्षति भएको खेती योग्य जग्गाको एकिन गर्न यस गाउँपालिका अन्तर्गतको पूर्वाधार विकास शाखामा **अमिनको** दरवन्दी सिर्जना गरिनेछ ।

६. नाईडा देखि खेतीमाई सम्म सिंचाईको लागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ।

७. खत्याड गाउँपालिका अन्तर्गतका सडक संजालमा नजोडिएका वडा तथा वस्तीमा आगामी आ.व. २०८१/०८२ मा सडक पहुँच पुर्याउन आवश्यक पहल गरिनेछ ।

८. **कालाकाँडा-तारापानी-पाँचे-नखर्जी-रातापानी** सडकलाई स्तरोन्नति गर्न विशेष पहल गरिनेछ।

९. खत्याड गाउँपालिकामा **खर छाना मुक्त घर** निर्माणका लागि विशेष पहल गरिनेछ ।

१०. खत्याड गाउँपालिबाट सञ्चालित आयोजनामा जनश्रमदान लागतलाई १२ प्रतिशत कायम गरिनेछ ।

**११. राजस्व तथा आन्तरिक श्रोत परिचालन**

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गै.स.स. र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

३. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

अन्तमा,

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य ज्यूहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका अध्यक्ष एवम् सदस्यहरु, विषयगत शाखाका प्रमुख ज्यूहरु, वडा सचिवहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी लगायत नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, वुद्धिजीवि तथा सम्पूर्ण खत्याडवासी जनसमुदायमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।